# भाग ५

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी गण्डक योजना अन्तर्गत मुख्य पश्चिमी नहरको आवश्यक मर्मत, नाला/साइफनहरुको सफाई तथा मर्मत कार्यको लागि आवश्यक पर्ने निर्माण सामग्री भारतबाट नेपाल आयात गर्दा सो सामग्रीमा लाग्ने सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७४।१२।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ, बुढानिलकण्ठ, काठमाडौंको लागि भारत निवासी प्रदिप पलबाट दानस्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ७,६०,०००.०० (सात लाख साठी हजार) मूल्य बराबरको विभिन्न १७ थान मूर्तिहरुमा लाग्ने सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७४।१२।२८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय अपाङ्ग कोषले अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रयोग गरिने कृत्रिम अङ्ग बनाउन आवश्यक कच्चा पदार्थ, कम्पोनेन्ट र वितरण गरिने बैसाखी तथा ब्राकर समेत भारतीय रुपैयाँ ६,०१,७१०.०० (छ लाख एक हजार सात सय दश) मूल्य बराबरको Raw material for Disabled people लगायतका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०२।१० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र स्वीस सरकारको संयुक्त लगानीमा सञ्चालित सडक सुधार कार्यक्रमले प्रयोग गरी आएको रोड लोडर कमलामाई नगरपालिकालाई हस्तान्तरण गर्ने भएकोले एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०२।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी विभिन्न जिल्लाका पाँच नगरपालिकाहरुका लागि नेपाल चीन हिमालयन मैत्री समाज नेपालबाट सहयोगस्वरुप प्रदान गर्न लागेको एम्बुलेन्सहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल



मुद्रण विभाग

छुट दिने निर्णय मिति २०७५।०२।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी पाकिस्तानका Chairman Joint Chiefs of Staff Committee, General Zubair Mahmood Hayat, NI9M) मिति २०७५।०३।०५ गतेदेखि ०७ गतेसम्म नेपाल भ्रमणमा आउनु हुने कार्यक्रम रहेको र निजले भ्रमणमा नेपाली सेनालाई उपहारस्वरुप प्रदान गर्नु हुने Antique Pistol (Dummy without firing mechanism) एक वटामा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतको त्रिचन्द्र बहुमुखी क्याम्पस र जापानको The University of Tokyo, Earthquake Reserch Institute बीच भएको सम्झौता बमोजिम त्रिचन्द्र बहुमुखी क्याम्पसको भूगर्भशास्त्र केन्द्रीय विभागमा भूकम्प र त्यसपछिका पराकम्पहरुको अध्ययन अनुसन्धानका लागि The University of Tokyo, Earthquake Reserch Institute बाट अनुदानस्वरुप प्राप्त हुने जापानी येन २,६०,६३,४६०.०० (दुई करोड साठ्ठी लाख त्रिसठ्ठी हजार चार सय चौसठ्ठी) मूल्य बराबरको ३० थान Data Recorder Seismomenters सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य

अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी पंच दशनाम जूना अखडा नेपालले अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्रीहरु निर्माण गरी निःशुल्क रुपमा वितरण गर्न Calcutta Centre Mahavir Seva Sadan 20, Ekbalpur lane Kolkata-700 023 India बाट दानस्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ५,००,०००.०० (पाँच लाख) मूल्य बराबरको Artifical, Limbs, Clipers, Hards लगायतका सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध भई कार्यरत बाल अपाङ्ग टेवा संस्था नामक गैर सरकारी संस्थाको लागि The Wheel chair project e.v., Germany बाट अनुदानस्वरुप प्राप्त हुने युरो ३५७.०० (तीन सय सन्ताउन्न) मूल्य बराबरको अपाङ्ग मैत्री सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध भई कार्यरत प्रारम्भ नामक गैर सरकारी संस्थाको लागि Singapore Red Cross Society बाट अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर ५०,०००.०० (पचास हजार) मूल्य बराबरको First Aid Kits सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटवल संघका लागि एशियाली फुटवल महासंघबाट सेक्रेड हर्ट आ.मा.वि. सिस्मती तारकेश्वर, काठमाडौं, भानु उच्च मा.वि., मकवानपुर, एजुकेशन एण्ड रिसर्च सेन्टर, रामनगर, नवलपरासीमा कृत्रिम घाँसे मैदान निर्माण गर्न सहयोगस्वरुप प्राप्त हुने अमेरिकी डलर ३,६७५.०० (तीन हजार छ सय पचहत्तर) मूल्य बराबरको Robber Granuals (कृत्रिम घाँसे मैदान तयार गर्ने रबरको दाना) सामग्रीहरुमा सम्पूर्ण भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्य कर महसुल छुट दिने निर्णय मिति २०७५।०३।१० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**उदयराज सापकोटा**

**सहसचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग